# नारायणी डेभलपमेन्ट बैंक लिमिटेड

**शाखा कार्यालयः भरतपुर चितवनका**

## शाखा कार्यालय भरतपुर चितवनकातपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(**सूचना प्रकाशित मिति २०८०/१२/०२ गते शुक्रबार, नागरिक राष्ट्रिय दैनिक**)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि क्रमशः मिति २०८०/०१/२८ गते विहिबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ (पैत्तिस) दिने सार्वजनीक सूचना तथा मिति २०८०/०३/१४ गते बिहीबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र मिति २०८०/०५/२५ गते सोमबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको चल/अचल सम्पति लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनीक सूचना र पुनः मिति २०८०/०६/१० गते बुधबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको चल/अचल सम्पति लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय, भरतपुर वा बैकको केन्द्रिय कार्यालय रत्ननगर-०१, टाँडी, चितवनमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८०/१२/०९ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रीय कार्यालय, रत्ननगर-०१, चितवनमा दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

| |
|---|
| १. **ऋणीः** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ मो उपदफा (१) बमोजिम मिति २०७८/०३/१८ मा दर्ता भई दर्ता नं. २६४०९६/७७/०७८ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर बाट मिति २०७८/०४/२६ मा ६१००१८००८ नं. को स्थायी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ४ बडगाउ स्थित रजिर्ष्ट्रड ठेगाना रहेको श्री **सुमिना एण्ड सुजन कृषि फार्म प्रा.लि.** (**डाईरेक्टरः सरस्वती पाण्डे**) |
| **ब्यक्तिगत जमानतकर्ता /धनजमानतकर्ताः ज्ञान बहादुर कार्की**को नातिनि **प्रेम बहादुर कार्की**को छोरी तथा **गोपि कृष्ण पाण्डे**को बुहारी **सुदर्शन पाण्डे**को पत्नि नुवाकोट जिल्ला, सुनखानी गा.वि.स. वडा नं. ६ बस्ने बर्ष ४५ की **सरस्वती पाण्डे** (ना.प्र.नं. ९२७५७, जारी मितिः २०६१/०१/०६, जि.प्र.का. नुवाकोट) |

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

| |
|---|
| **सरस्वती पाण्डे**को नाममा मालपोत कार्यालय **खैरहनी चितवन**मा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ३ घ (हाल खैरहनी नगरपालिका १, चितवन) नक्सा सिट नं. साविक ३ घ, को कि.नं. १६६९, १६७०, १६७१, १६७२, १६७३ **र** १६७४ को जम्मा क्षेत्रफल १०६५.०५ व.मी को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| **सम्पूर्ण गोश्वारा पत्र (Hypothecation) तथा मौज्दात (Stock) र करार सम्पत्ति (Leasehold Asset)** |

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय रत्ननगर, टाँडि स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुर**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, रत्ननगर, टाँडी, स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुरमा** सम्पर्क राख्न सकिनेछ ।


**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np